कृषि तथा वन विज्ञान विश्वविद्यालय
पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल
फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं.

च.नं.

मिति : .......................

मितिः २०७६।०६।१०

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायको स्नातकोत्तर तथा विद्यावारिधी तहको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७६/०७७ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गतको पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय रामपुर, चितवनमा संचालन गरिने स्नातकोत्तर तथा विद्यावारिधी तह अन्तर्गत निम्न विषयहरुमा भर्ना हुनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेका इच्छुक व्यक्तिहरुले निम्न अनुसारको शर्त पालना गरी आफुले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु र चारित्रिक प्रमाण पत्रका साथै नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, समकक्षता निर्धारणको प्रतिलिपि समेत र हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३(तीन) प्रति सहित रितपुर्वकको आवदेन फारम भरी तोकिएको म्याद भित्र यस संकायको डीन कार्यालयमा बुझाउनहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । म्याद नाघि वा रित नपुगी प्राप्त हुन आएको आवेदन फारम उपर कुनै कारवाही गरीने छैन ।

१. अध्यापन हुने विषयहरु, अधिकतम संख्या र आवश्यक न्युनतम शैक्षिक योग्यता :

क) एम.एस्सी. पशु विज्ञान :

| क.सं. | विषय | संख्या |
|---|---|---|
| १. | पशु उत्पादन तथा व्यवस्थापन | ९ |
| २. | पशु प्रजनन् | ९ |
| ३. | पशु पोषण तथा चारा उत्पादन | १२ |
| ४. | एनिमल बायोटेक्नोलोजी | ३ (Center for Biotechnology अन्तर्गत सचालन हुने) |

**आवश्यक न्युनतम शैक्षिक योग्यता** : बि.एस्सी. (कृषि पशु विज्ञान) वा बि.भि.एस्सी. एण्ड ए.एच कम्तिमा दोस्रो श्रेणीमा उत्तिर्ण गरेको हुनुपर्ने ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

## डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं.

च.नं.

मिति : .......................

ख) एम.भि.एस्सी :

| क.सं. | विषय | संख्या |
|---|---|---|
| १. | मेडिसिन | ९ |
| २. | माइक्रोवायोलोजी | ६ |
| ३. | सर्जरी | ३ |
| ४. | थेरियोजेनोलोजी | ६ |
| ५. | प्याथोलोजी | ६ |
| ६. | भेट् वायोटेक्नोलोजी | ३ (Center for Biotechnology अन्तर्गत संचालन हुने) |
| ७. | फर्माकोलोजी | ६ |
| ८. | प्यारासाईटोलोजी | ३ |
| ९. | एनाटोमी | ३ |
| १०. | फिजियोलोजी | ३ |

**आवश्यक न्युनतम शैक्षिक योग्यता:** वि.भि.एस्सी. एण्ड ए.एच वा सो सरह कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको हुनुपर्ने ।

**ग) एम. एस्सी. फिसरिज (एक्वाकल्चर)**

अधिकतम विद्यार्थी संख्या : ६

**आवश्यक न्युनतम शैक्षिक योग्यता:** वि.एस्सी.(कृषि/पशू विज्ञान) वा वि.भि.एस्सी एण्ड ए.एच. वा एम. एस्सी. (Zoology) मा इच्छाधीन Fisheries विषय वा वि.एस्सी. फिसरिजको परीक्षामा कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको हुनुपर्ने ।

**२. आवेदन फारम वितरण :**

२०७६ असोज १२ गते देखि कात्तिक १८ गते सम्म सम्वन्धित डीनको कार्यालयबाट वितरण गरिनेछ । साथै आवेदन फारम यस विश्वविद्यालयको **website: www.afu.edu.np** बाट समेत **download** गर्न सकिनेछ । आवेदन फारम र प्रवेश परीक्षा वापतको शूल्क फारम दर्ता गराउने समयमा बुझाउनुपर्नेछ । आवेदन दिन चाहने विद्यार्थीहरुले यस संकायको ने.बै.लि नारायणगढ शाखाको च.हि.नं. 02400100550975000001 को सक्कल भौचर वा यस संकायको लेखा शाखामा नगदी रसिद काटी आवेदनका साथ संलग्न गर्नुपर्नेछ ।

**३. आवेदन फारम बुझाउने अवधि:**

२०७६ असोज २७ गते देखि कात्तिक १८ गते कार्यालय समयसम्म पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायको डीन कार्यालयमा बुझाउनु पर्नेछ ।

**४. आवेदन फारम शुल्क:**

आवेदन फारम रु.५००। र प्रवेश परीक्षा शूल्क रु.३०००। लाग्नेछ । अलग अलग कार्यक्रममा प्रवेश परीक्षामा सहभागी हुन इच्छुक परीक्षार्थीहरुले अलग अलग आवेदन फारम र परीक्षा शुल्क तिरेर अलग फारम भर्नु पर्नेछ ।

फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं.
च.नं.
मिति : .....................

५. **प्रवेश परीक्षा हुने मिति समय र स्थान:**

| | | |
|---|---|---|
| १. | एम.भि.एस्सी | २०७६ कात्तिक २५ गते बिहान ११:०० बजे। |
| २. | एम.एस्सी पशु विज्ञान | २०७६ कात्तिक २५ गते दिउस १:००। |
| ३. | एम.एस्सी.मत्स्य विज्ञान | २०७६ कात्तिक २५ गते दिउस ३:०० बजे। |

स्थान : पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय रामपूर, चितवन

६. **प्रवेश पत्र वितरण मिति समय र स्थान:** २०७६ कात्तिक २५ गत बिहान ७:०० देखि १०:०० बजे सम्म सम्बन्धित डीनको कार्यालय।

७. **प्रवेश परीक्षा नतिजा प्रकाशन:** २०७६ कात्तिक २५

८. **भर्नाको नामावली प्रकाशन मिति:** २०७६ कात्तिक २५

९. **भर्ना सम्बन्धी कार्यक्रम:** २०७६ कात्तिक २५ गते तोकिनेछ।

१०. **पढाई सुरु मिति:** भर्ना हुने दिन तोकिनेछ।

११. **भर्नाको आधार:**
प्रवेश परीक्षाको पूर्ण अंक ९० र स्नातक तहमा प्राप्त गरेको प्राप्त अंकलाई १० प्रतिशत भार दिई तयार पारिएको Merit List अनुसार स्नातकोत्तर तहमा भर्नाको लागि नामावली प्रकाशन गरिनेछ। प्रवेश परीक्षामा ९० प्रश्नहरु हुनेछन् जसको लागि ७० मिनेट समय दिइनेछ। सबै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ। प्रवेश परिक्षाको उर्त्तीणाङ्क ५० प्रतिशत कायम गरिएको छ।

१२. **प्रवेश परीक्षाको प्रश्न भार:**

एम.एस्सी.पशु विज्ञान तहका लागि-९०
Animals Nutrition, fodder, Pasture, Range -18, LPM/Dairy-18, Animal Breeding & Biotecnology-18 Aquaculture-6, Social Sciences(Agri. Economics+ Agri. Extension)-15, Basic Sciences (Biochemistry +Statistics)-10, General Knowledge-5

एम.एस्सी.फिसरिज (एक्वाकल्चर) तहका लागि -९०
Fisheries and aquaculture (Aquaculture, Aquatic Resource Management, Fish Production Technology) -67, Plant Science-5, Animal Science-5, Animal Health-3, Social Science (Agri. Economics+ Agri. Extension)-5, Basic Science (Biochemistry +Statistics)-3, General Knowledge-2

एम.भि.एस्सी. तहका लागि-९०
Medicine & Public Health-12, Theriogenology-7, Pathology-7, Parasitology-7, Pharmacology-7 Microbiology-7, Physiology-7, Surgery-7, Animal Science, (LPM, ANF, ANBR)-12, Basic Science (Biochemistry +Statistics)-7, Anatomy- 7, General Knowledge- 3.

कृषि तथा वन विज्ञान विश्वविद्यालय

**पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय**

**डीनको कार्यालय**

रामपुर, चितवन, नेपाल

फोन नं. : ०५६-५९२१३१

फ्याक्स नं. : ०५६-५२६०१४

प.सं.

च.नं.

मिति : ......................

१३. आवेदन फारमा बुझाउँदा निम्न लिखित कागजपत्रहरु क्रमबद्ध रुपमा राखि बुझाउनु पर्नेछ ।

- क) नगद रसिद वा सक्कल बैंक भौचर
- ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- ग) एस.एल. सी. परिक्षाको लब्धाङ्ग पत्रको प्रतिलिपि
- घ) एस.एल. सी. परिक्षाको चारित्रक प्रमाण पत्रको प्रतिलिपि
- ङ) प्रमाणपत्र तहको परिक्षाको लब्धाङ्ग पत्रको प्रतिलिपि
- च) प्रमाणपत्र तहको चारित्रक पत्रको प्रतिलिपि
- छ) स्नातक तहको लब्धाङ्ग पत्रको प्रतिलिपि
- ज) स्नातक तहका चारित्रक प्रमाण पत्रको प्रतिलिपि
- झ) स्नातक तहको अस्थाई (Provisional) प्रमाण पत्रको प्रतिलिपि (कृषि तथा बन विज्ञान विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरेकालाई मात्र लागु हुने)
- ञ) समानस्तर निर्धारणको प्रमाणपत्र (नेपालका सरकारी विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरेकालाई मात्र लागु हुने)

१४. भर्ना हुन आउदा आवेदन फारमा संलग्न सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको सक्कल प्रति अनिवार्य रुपमा लिएर आउनु पर्नेछ । साथै भर्ना भएको विषय परिवर्तन गरिने छैन ।

१५. कुनै विषयमा दुई जना भन्दा कम विद्यार्थी भर्ना भएमा सो विषयको अध्यापन नहुने व्यहोरा जानकारी गराईन्छ ।

१६. अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरेका विद्यार्थीहरुले **Migration Certificate** को हकमा भर्ना भै **AFU** मा नाम दर्ता गर्ने समयमा सक्कलै प्रति पेश गर्नुपर्नेछ । यदि उक्त **Migration Certificate** नबूझाई **AFU Registration** गर्न समस्या भएमा सोको जिम्मेवारी यस संकायले लिने छैन ।

१७. माथि उल्लेखित संख्यामा सरकारी निकायबाट MOU बमोजिम मनोनयन भई आउने विद्यार्थीहरुको संख्या समावेस गरिएको छैन र यसरी आउने विद्यार्थीले प्रबेश परीक्षा दिनुपर्नेछैन । तर सम्वन्धित विषयमा स्नातक परीक्षा कम्तीमा द्वितिय श्रेणीमा पास गरेको हुनुपर्नेछ ।

१८. **अध्ययन शुल्क :**

Competitive Subsidized Student Fee (NRs.)

| | |
|---|---|
| Admission Fee: | 12,100 /- (One time Payment) |
| Semester Fee: | 5,550/ per semester |
| Tuition Fee: | 1,210/per credit (45 credit) |

Total fee with minimum required credit hours: Nrs. 88,750/-

कृषि तथा वन विज्ञान विश्वविद्यालय
# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
## डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

फोन नं. : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

प.सं.

च.नं.

मिति : ......................

Competitive Full Pay Student Fee (NRs.)

Admission Fee: 24,200 /- (One time Payment)

Semester Fee: 11,100/ per semester

Tuition Fee: 2,420/per credit (45 credit)

Total fee with minimum required credit hours: Nrs. 1,77,500/-

नोट:

- अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालय दर्ता शुल्क वापत थप रु १,०००।- तिर्नु पर्ने छ ।
- माथि उल्लेखित शूल्कमा सेमेष्टर परिक्षाको परिक्षा शूल्क समावेश गरिएको छैन ।
- हरेक विषयमा Competitive Subsidized Student शुल्कमा भर्ना हुन सक्ने विद्यार्थी संख्या २ कायम गरिएकोछ ।

१९. विद्यावारीधि तह **( Ph.D. by course and Ph.D. by research)**

१. विद्यावारीधिमा भर्ना हुन चाहने विद्यार्थीहरुले Directorate of Post Graduate Program, Rampur मा सम्पर्क राख्नु हुन जानकारी गराइएकोछ ।
२. स्नातकोत्तरमा थेसिस अनुसन्धानको लागि आवश्यक पर्ने रकम स्वयंवाट व्यवस्था हूनुपर्नेछ ।
३. छात्रावासको व्यवस्था हुनेछैन ।

........................................................................

प्रा. ईश्वर चन्द्र प्रकाश तिवारी

नि.डीन

डीन